उनको भनाइ छ। चालु अवमा

चारजनाले रोजगारीपनि पाएका

... बाँकी ५ पेजमा

# रेडियो सुसेलीमा चारजनालाई रोजगार

विराटचौक/मोरङको सुन्दरहरैंचा नगरपालिकाले ४ जना युवायुवतीलाई एकता मिडिया प्रालिद्वारा सञ्चालित रेडीयो सुशेली विराटचोकमा रोजगारीका लागि सिफारिस गरेको छ।

चालु आवको स्वीकृत कार्यक्रमअनुसार प्रालिसँगको सम्झौता मुताविक फागुन १२ गतेदेखि १८ गतेसम्म सञ्चालन भएको युवा स्वरोजगार तथा क्षमता विकास तालिममा सहभागी भएका उत्कृष्ठ प्रशिक्षार्थीहरुलाई रोजगारी दिन सिफारिस गरेको नपाका कार्यकारी अधिकृत शशी राईले बताएका छन्। यसरी सिफारिस गरिएकाहरुमा सोही नपा-८ का संजय ढकाल, ९ की शर्मिला सापकोटा, अनिता बस्नेत, १२ की रुसा राई रहेका छन्। नपा कार्यालयले सिफारिस गरेका यी चारैजनालाई एकता मिडिया



प्रालिको व्यवस्थापन पक्षले नियुक्ति दिइसकेको प्रालिका निर्देशक बाबुराम निरौलाले जानकारी दिएका छन्। सो मिडया हाउसमा उनीहरुलाई क्षमता अनुसारको जिम्मेवारी प्रदान गरिने पनि बताइएको छ। सो तालिम नपाकै सभाहलमा आयोजना गरिएको थियो।

विगतमा सयौं तालिम आयोजना गरिएपनि ती तालिमहरुको उपलब्धी नदेखिएकोले यस पटक भने व्यवहारिक रुपमै स्वरोजगारको नीतिलाई कार्यान्वयन गरिएको कार्यकारी अधिकृत राईको भनाइ छ। क्षमता विकास तथा रोजगारका नाममा गाविस हुदाकै अवस्थादेखि तालिम गरिएपनि ती तालिम कागजमै सिमित रहेको अवस्थाबाट माथि उठेर यस्ता कार्यक्रम अघि बढाउने नपा कार्यालयले जनाएको छ।